## 2. inseconline.org (Nepali)

### रोम विधान अनुमोदन गर्न मानवअधिकारकर्मीद्वारा धर्ना तथा विरोध प्रदर्शन

काठमाडौं । जेठ २६ गते

विभिन्न मानवअधिकारवादी संस्थाले अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान र राष्ट्र संघको यातनासम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख सरकारले अनुमोदन नगरेको भन्दै ०६४ जेठ २५ गते माइतीघर मण्डलामा धर्ना दिनुका साथै विरोध प्रदर्शन गरेका छन् ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेलले दण्डहीनताको अन्त्य हुनुपर्नेमा जोड दिदैं सेनामा लोकतान्त्रीकरण गरिनुपर्नेमा जोड दिए । रोम विधानलाई सरकारले एक वर्षभइसक्दा पनि अनुमोदन नगरेकोमा सरकारको आलोचना पनि उनले गरे ।

मानवअधिकारकर्मी कृष्ण पहाडीले दण्डहीनताको अवस्था अन्त्य गर्न सरकारले तत्काल रोम विधान अनुमोदन गर्न माग गरे । यसैगरी सो कार्यक्रममा अपाङ्गहरुको तर्फबाट कृष्ण गौतम, मानवअधिकारकर्मी नुतन थपलिया, फोरिडका अध्यक्ष वीरेन्द्र थपलिया लगायतका वक्ताहरुले पनि कार्यक्रममा सम्बोधन गरेका थिए ।

अन्तराष्ट्रिय फौजदारी आदालतका लागि राष्ट्रिय सञ्जाल, इन्सेक, फोरिडलगायत मानवअधिकारवादी संस्थाको आयोजनामा धर्ना तथा सभाको आयोजना गरिइएको थियो ।

राजु पासवान